जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।। -कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

वर्ष १३ • अंक २३० • २०८३ जेठ २७ गते बुधवार • 10 Jun. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

# विश्व वातावरण दिवसमा "अभिशाप" प्रदर्शन

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २६ जेठ

विश्व वातावरण दिवसको अवसर पारेर धनुषा जिल्लाको विभिन्न स्थानमा जनचेतनामूलक सडक नाटक "अभिशाप" प्रदर्शन गरिएको छ।

प्लान इन्टरनेशनल नेपाल र जानकी महिला जागरण समाजको साझेदारीमा सञ्चालित "सशक्त बालिका परियोजना" अन्तर्गत जनचेतनामूलक सडक नाटक "अभिशाप" प्रदर्शन गरिएको हो । जानकी महिला जागरण समाजको आयोजना तथा दर्शन प्रोडक्सन प्रा.लि.को प्रस्तुति रहेको "अभिशाप" नाटकले वातावरण संरक्षणसँगै समाजमा विद्यमान दहेज प्रथा, बालविवाह तथा लैङ्गिक विभेदजस्ता सामाजिक कुरीतिविरुद्ध सशक्त सन्देश प्रवाह गरेको छ।



विदेह नगरपालिकाको तिनकौरिया विद्यालय अगाडि, जनकनन्दनी गाउँपालिकाको खजुरी बजार तथा कमला नगरपालिकाको मंगराहा बजारमा "अभिशाप" नाटक प्रदर्शन गरिएको थियो । स्थानीय जनप्रतिनिधि, शिक्षक, विद्यार्थी, नागरिक समाजका प्रतिनिधि, युवायुवती, महिला समूहका सदस्य तथा सर्वसाधारण नागरिकहरूले नाटकमा जीवन्त अभिनय गरेका कलाकारहरुको प्रशंसा गरेका थिए।

३० मिनेट अवधिको नाटक "अभिशाप" ले दहेज प्रथा र बालविवाहका कारण परिवार तथा समाजमा पर्ने नकारात्मक प्रभावलाई मार्मिक ढंगले प्रस्तुत गरेको थियो । नाटकमा बालविवाहका कारण किशोरीहरूको शिक्षा अवरुद्ध हुने, स्वास्थ्यमा गम्भीर असर पर्ने तथा उनीहरूको उज्ज्वल भविष्य जोखिममा पर्ने विषयलाई प्रभावकारी रूपमा चित्रण गरिएको थियो ।


त्यसैगरी दहेज प्रथाले महिला हिंसा, पारिवारिक तनाव तथा सामाजिक असमानता बढाउने अवस्थालाई पनि यथार्थपरक रूपमा प्रस्तुत गरिएको थियो । तीन स्थानमा करिब ९ सय ३० जना भन्दा बढी दर्शकले नाटक अवलोकन गरेका थिए ।

ओमप्रकाश कर्णले निर्देशन गरेको नाटकमा निशा राम, पुनित मण्डल, राधिका मण्डल, रुबी मण्डल, शिवम साह र राजु मण्डलले अभिनय गरेका थिए ।

नाटकको कथा, संवाद तथा प्रस्तुति शैलीले दर्शकलाई मनोरञ्जनसँगै सामाजिक सन्देश पनि दिएको थियो । स्थानीयले समाजमा अझै विद्यमान दहेज प्रथा र बालविवाहजस्ता समस्याको वास्तविक चित्र नाटकले प्रस्तुत गरेको प्रतिक्रिया दिएका थिए । धैरै दर्शकले यस्ता जनचेतनामूलक कार्यक्रम गाउँ-गाउँ तथा बस्ती-बस्तीमा सञ्चालन गर्नुपर्ने सुझाव दिएका थिए । सहभागीहरूबीच नाटकपछिको छलफलमा सामाजिक कुरीति अन्त्यका लागि परिवार, समुदाय, विद्यालय तथा स्थानीय सरकारको संयुक्त प्रयास आवश्यक रहेको धारणा व्यक्त गरे ।

आयोजक जानकी महिला जागरण समाजका अनुसार विश्व वातावरण दिवस केवल प्राकृतिक वातावरण संरक्षणसँग मात्र सम्बन्धित नभई स्वस्थ, सुरक्षित र समानतामूलक समाज निर्माणसँग पनि जोडिएको विषय हो । त्यसैले वातावरणीय चेतनासँगै सामाजिक सुधारका मुद्दालाई पनि कार्यक्रममा समेटिएको जनाइएको छ। नाटक प्रदर्शनपछि समुदायमा दहेज प्रथा र बालविवाहविरुद्ध सकारात्मक बहस सुरु भएको तथा विशेषगरी युवाहरूमा सामाजिक परिवर्तनका लागि जिम्मेवारीबोध बढेको आयोजकले जनाएको छ । सहभागीहरूको उत्साहजनक उपस्थितिले यस्ता कार्यक्रमप्रति समुदायको चासो बढ्दै गएको देखिएको छ ।

"अभिशाप" ले मनोरञ्जनात्मक माध्यममार्फत सामाजिक सन्देश प्रवाह गर्दै समुदायमा सचेतना अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याएको आयोजक संस्थाले जनाएको छ। यस्ता कार्यक्रमलाई आगामी दिनमा समेत निरन्तरता दिई सामाजिक कुरीति न्यूनीकरण तथा सकारात्मक सामाजिक परिवर्तनका लागि थप पहल गरिने बताइएको छ।




## श्रोत नखुलेको नगद रकमसहित एक पक्राउ

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २६ जेठ

महोत्तरी प्रहरीले विदेशी मुद्रा अपचलन तथा श्रोत नखुलेको नगद रकमसहित एक जनालाई पक्राउ गरेको छ ।




जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार जलेश्वर नगरपालिका-३ मलिबारा बजारस्थित भिट्ठामोड-जनकपुर सडकखण्डमा सवारी साधन तथा पैदल यात्रुको नियमित जाँच गर्ने क्रममा भारतबाट नेपालतर्फ साइकलमा आउँदै गरेका जलेश्वर नगरपालिका-६ बासोपट्टी टोल निवासी ५५ वर्षीय अरुण कुमार चौधरीलाई नियन्त्रणमा लिइएको हो। प्रहरीले उनको शरीर तलासी गर्दा पाइन्टको अगाडिको भित्री खल्तीबाट गैरकानुनी रूपमा लुकाइछिपाइ राखिएको भारतीय मुद्रा एक लाख ११ हजार तीन सय ५० रुपैयाँ बरामद गरेको जनाएको छ। त्यसैगरी पाइन्टको पछाडिको दाहिने खल्तीबाट विभिन्न दरका नेपाली नोट गरी एक लाख १७ हजार छ सय ५० रुपैयाँ फेला परेको थियो ।

बरामद गरिएको भारतीय मुद्रामा पाँच सय दरका २११ थान, दुई सय दरका २१ थान, एक सय दरका ६ थान र पचास दरका २१ थान नोट रहेका छन् । यस्तै नेपाली मुद्रामा एक हजार दरका १०६ थान, पाँच सय दरका १५ थान, एक सय दरका २७ थान, पचास दरका ५ थान र बीस दरका ५ थान नोट बरामद भएको प्रहरीले जनाएको छ ।

नगद रकमका अतिरिक्त एक थान इटेल कम्पनीको किप्याड मोबाइल र एक थान साइकल समेत बरामद गरिएको छ। जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायव उपरीक्षक पञ्चलाल गोलेले नियमित जाँचका क्रममा श्रोत नखुलेको नेपाली तथा भारतीय मुद्रा फेला परेपछि चौधरीलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार प्रारम्भिक अनुसन्धानपछि बरामद नगद, मोबाइल तथा साइकलसहित पक्राउ परेका चौधरीलाई आवश्यक कानुनी कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय, पथलैया, बारामा पठाइएको छ ।



समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रबुद्धवर्गको रुचि
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय..................

# भारत र नेपाल बीचको सम्बन्ध जोगाऔं

सार्वभौमिकतासँग जोडिएको जनभावना स्वाभाविक भए पनि दीर्घकालीन समाधान, निरन्तर वार्ता, संस्थागत संलग्नता र राजनीतिक संयमताबाट मात्रै सम्भव हुने देखिन्छ । नयाँदिल्लीले पटक-पटक तथ्य, ऐतिहासिक समझदारी र पारस्परिक सम्मानका आधारमा बाँकी सीमा विवादबारे छलफल गर्न तयार रहेको बताउँदै आएको देखिन्छ । संवादप्रतिको त्यो प्रतिबद्धता निरन्तर रहनु आवश्यक रहेको देखिन्छ । सीमा व्यवस्थापनका लागि अझ प्रभावकारी संयन्त्र निर्माण गर्नु दुवै पक्षका लागि लाभदायक हुन सक्ने देखिन्छ, जसले नागरिक र धार्मिक गतिविधिलाई राजनीतिक विवादबाट अलग राख्न मद्दत गर्ने देखिन्छ। आधुनिक सर्वेक्षण प्रविधि, ऐतिहासिक अभिलेख र सन्धिगत दायित्वहरूको उपयोगले त्रिदेशीय सीमाक्षेत्रबारे थप स्पष्ट समझ विकसित गर्न पनि सहयोग पुऱ्याउन सक्ने देखिन्छ ।

परामर्श र कुनै जानकारीबिनै विवादित क्षेत्रमा ठूला गतिविधि सञ्चालन हुनु कुनै पनि देशका लागि सहज विषय हुँदैन, त्यसैले नेपालले उठाएको चिन्ता र विषयलाई मूलतः छिमेकी मुलुकहरूले सम्मान गर्नुपर्ने देखिन्छ। तर, उपलब्ध कूटनीतिक माध्यम हुँदाहुँदै लामो समयदेखि सञ्चालनमा रहेको धार्मिक तीर्थमार्गलाई बारम्बार राजनीतिक तनावको बन्दी बनाइनु उपयुक्त नरहेको देखिन्छ । लिपुलेक विवाद क्षेत्रीय राजनीतिक परिपक्वताको परीक्षा रहेको देखिन्छ। साझा सभ्यतागत र धार्मिक सम्बन्धले अविश्वास बढाउनुको सट्टा सहकार्यलाई प्रोत्साहन गर्नुपर्ने देखिन्छ। भारत र नेपाल बीचको सम्बन्ध भूगोल, संस्कृति र खुला सीमाले निर्माण गरेको विशिष्ट सम्बन्ध रहेको देखिन्छ। यस्तो सम्बन्ध जोगाइराख्न सबै पक्षबाट धैर्य, संयम र दूरदर्शी नेतृत्व आवश्यक रहेको देखिन्छ ।

# लैंगिक हिंसा राहत कोष संचालनको माग

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २६ जेठ**

मधेश प्रदेशमा लैंगिक हिंसा राहत कोष संचालनमा ल्याउनुपर्नेमा सरोकारबालाहरुले जोड दिएका छन् ।

लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तथा लैंगिक हिंसा राहत कोषको उपयोग सम्बन्धी मंगलबार जनकपुरधाममा आयोजित नीतिगत संवाद कार्यक्रममा बोल्दै उनीहरुले यस्तो माग गरेका हुन् । हिंसामा परेका महिलाहरुको पुर्नस्थापन र व्यवस्थापनमा समस्या भएको बताउँदै उनीहरुले मधेश प्रदेश सरकारसित कोष स्थापनाको माग गरेका हुन् ।

ओरेक नेपाल धनुषाका प्रमुख विणा सिंहले घरेलुसहित अन्य हिंसामा परेकी महिलाहरुको व्यवस्थापनमा समस्या भएको सुनाउँदै यसको लागि प्रदेश सरकारले आवश्यक व्यवस्था मिलाउनुपर्नेमा जोड दिइन् ।

केयर नेपालको सहयोग र खेलकूद तथा समाज कल्याण मन्त्रालयको समन्वयमा समग्र जनउत्थान केन्द्र लहानले आयोजना गरेको नीतिगत संवाद कार्यक्रममा सिंहले विभिन्न



हिंसामा परेकी महिलालाई उद्धार गरेर ल्याउँदा व्यवस्थापनमा समस्या भइरहेको बताइन् ।

अन्य प्रदेशले संचालनमा ल्याएपनि मधेश सरकारले अझै लैंगिक हिंसा निवारण कोष स्थापना गर्न सकेको छैन् । मधेश सरकारलाई पटक पटक आग्रह गरिएपनि हालसम्म कोष स्थापना हुन नसकेको मधेश प्रदेश समन्वय अधिकृत संजीव कुमार महतोले बताए ।

लैंगिक हिंसा विरुद्ध मधेश प्रदेश सरकारले गरेको व्यवस्थाबारे प्रस्तुतीकरण गर्दै महतोले हालसम्म लैंगिक हिंसा निवारण, बाल संरक्षण कोष स्थापना हुन नसकेको बताए । कोष स्थापनाको लागि पहल भइरहेको जानकारी दिदै सरकार अस्थिर हुँदा समस्या भएको उनले थपे। मधेश प्रदेशमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रभावकारी र सक्षम प्रादेशिक सारभूत लैंगिक समानता निर्देशक समिति पनि गठन हुन नसकेको महतोले जानकारी दिए । निर्देशक समिति गठनको लागि हालसम्म भएको प्रयास पर्याप्त हुन नसकेकाले थप पहलको आवश्यक्ता उनले औंल्याए ।

कार्यक्रममा धनगढीमाई नगरपालिकाका उपप्रमुख संगिता कुमारी चौधरीले लैंगिक हिंसा अन्त्य गर्न स्थानीय सरकार प्रतिबद्ध रहेको बताइन् । लैंगिक हिंसा अन्त्य गर्ने अभियानमा सहयोगका लागि उनले सरोकारबालाहरुमा आग्रह समेत गरिन् । समग्र जनउत्थान केन्द्र, लहानका अध्यक्ष रामभरोसी महतोको अध्यक्षतामा भएको संवाद कार्यक्रममा केयर नेपालकी कार्यक्रम व्यवस्थापक लक्ष्मी अर्यालले साहस परियोजना अन्तर्गत सिरहा जिल्लाको धनगढी नगरपालिकामा संचालन भइरहेको क्रियाकलापबारे जानकारी गराइन् । समग्र जनउत्थान केन्द्र, लहानका कार्यकारी निर्देशक अनिता चौधरीले स्वागत गरेका कार्यक्रममा मधेश प्रदेश प्रहरी कार्यालयका प्रहरी निरीक्षक सोनु कुमार साहले मधेशमा लैंगिक हिंसाको अवस्थाबारे प्रकाश पारे । पाँच वर्ष यता डिजिटल प्लेटफर्मले हिंसामा ह्वात्तै वृद्धि भएको बताउँदै प्रहरी निरीक्षक साहले यसतर्फ सचेत हुन आवश्यक रहेको बताए ।

आसमान नेपालका कार्यक्रम व्यवस्थापक दिलिप कुमार यादवले श्रीमान श्रीमती समूहमा देवर र नन्दलाई समेत सहभागी गराउनुपर्नेमा जोड दिए । सासु बुहारीबीच अन्तरक्रियात्मक कार्यक्रमहरु संचालन गरेर जनचेतना फैलाउनुपर्ने धारणा उनको थियो । समग्र जनउत्थान केन्द्रका परियोजना संयोजक देवकुमार महतोले लैंगिक समानता तथा समाजिक समावेशीकरण रणनीतिबारे प्रकाश पारेका थिए ।

# SHAPU रोगको स्वर्णजयन्ती मनाइयो

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २६ जेठ**

SHAPU (Seasonal Hyperacute Panuveitis) रोगको ५०औं वर्षको उपलक्ष्यमा निगरानी, सुदृढिकरण, जनचेतना तथा अभिमुखिकरण कार्यक्रम गरिएको छ । “सीजनल हाइपरएक्युट प्यानुभाइटिस” नामक दृष्टि सम्बन्धी रोगका कारण वर्षेनी सयौ जना पीडित हुने गरेका छन् ।

स्वास्थ्य निर्देशनालय, सपही मधेश प्रदेशले सम्भवतः पहिलो पटक आयोजना गरेको कार्यक्रममा क्जबएग रोगले दृष्टिमा पारेको प्रभावबारे विज्ञहरुले प्रकाश पारेका थिए ।



कार्यक्रममा जनकपुरधाम उपमहा नगरपालिकाका नगर प्रमुख मनोजकुमार साहले आफू यस प्रकारको रोगबारे अनभिज्ञ रहेको बताउँदै यसबारे व्यापक जनचेतना फैलाउनुपर्नेमा जोड दिए । स्थानीय संचारमाध्यमको प्रयोग गरेर जनजनमा यो रोगबारे जानकारी गराउन जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्नुपर्नेमा उनले जोड दिए । स्वास्थ्य निर्देशनालयका निमित्त निर्देशक सरोजराज न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा सरोकारबालाहरुले रोगको लक्षण र समाधानबारे जिज्ञासा राखेका थिए ।

कार्यक्रममा एब्लुएचओका प्रतिनिधिहरुले यो रोगबारे प्रस्तुतीकरण गर्दै गएको ५० वर्षमा कयौ नेपालीले यो रोगबाट पीडित भएर दृष्टि गुमाउनुपरेको बताए । यो रोग प्रायः मनसुन समाप्त भएपछि (साउन-भदौ) सुरु भई हिउँद (मङ्सिर-पुस) महिनामा उच्च स्तरमा पुग्ने गरेको छ । प्रायः बालबालिकाको एक आँखामा मात्र असर पार्ने, छिटो प्रगतिशील र स्थायी अन्धोपन ल्याउने रोग रहेको विज्ञहरुले बताए ।

प्रभावित दुई तिहाइ बिरामीहरू पहिलो सम्पर्कमै अन्धा हुन्छन् र बाँकी छिट्टै सुक्खा, विकृत आँखामा परिणत हुन्छन् । अचानक सुरु हुने, एकतर्फी, दुखाइरहित रातो आँखामा डिस्चार्ज बिना सेतो पुतलीझैं प्रतिबिम्ब देखिनु यो रोगको लक्षण छ ।

## तपाईको टुडे

मेष: मित्रतामा फाटो आउने
वृष: खानपानमा समस्या आउने
मिथून: पढाईमा ध्यान दिनुपर्ने
कर्कट: अनावश्यक चिन्ता
सिंह: अशुभ समाचार प्राप्त हुने
कन्या: विचार गरेर बोल्नुहोला
तुला: पिछडेको साथी मिल्न
वृश्चिक: मनमा पछुतो आउने
धनु: शुभ कार्यको शुरुवात
मकर: अनावश्यक खर्चको संभावना
कूम्भ: लामो यात्राको योग छ
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव


**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु





### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा





विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# युद्धविरामका बाबजुद इजरायलले लेबनानमा सैन्य कारबाही जारी राख्ने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २६ जेठ**



मध्यपूर्वी क्षेत्रमा युद्धविरामको प्रयास भइरहेका बेला इजरायल, इरान र लेबनानको सशस्त्र समूह हेजबुल्लाहबिचको सैन्य तनाव फेरि चुलिएको छ । इजरायली रक्षामन्त्री इजरायल काट्जले युद्धविरामका बाबजुद इजरायली सेनाले लेबनानमा हेजबुल्लाहविरुद्ध सैन्य कारबाही जारी राख्ने स्पष्ट पारेका छन् ।

टाइम्स अफ इजरायलका अनुसार रक्षामन्त्री काट्जले हेजबुल्लाहले इजरायली क्षेत्रमा थोरै मात्र पनि आक्रमण गरेमा सिधै लेबनानको राजधानी बेरुतमा विनाशकारी आक्रमण गर्ने चेतावनी दिएका छन् । रक्षामन्त्री काट्जले पछिल्लो समय इरानले दिइरहेको चेतावनीलाई समेत ठाडो रूपमा अस्वीकार गरेका छन् । इजरायलमाथि फेरि आक्रमण गर्ने प्रयास गरिए इरानले यसअघिको भन्दा कडा प्रतिक्रियाको सामना गर्नुपर्ने काट्जले बताए । यसैबिच, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले इजरायलले हालका लागि इरानमाथिको आफ्नो सैन्य आक्रमण रोकेको बताएका छन्। इजरायल र इरानले एकअर्कामाथि श्रृङ्खलाबद्ध हवाई र मिसाइल आक्रमण गरेपछि पहिलो पटक सार्वजनिक टिप्पणी गर्दै नेतान्याहूले तेहरानले इजरायली क्षेत्रमा आक्रमण बन्द गरेपछि लडाइँ रोकिएको जानकारी दिए । अर्कोतर्फ, इरानको तस्निम समाचार एजेन्सीका अनुसार इरानी सेनाले लेबनानका जनताको समर्थन र इजरायली सैन्य अत्याचारको जवाफमा इजरायल माथि आक्रमण गरिएको स्पष्ट पारेको छ ।

# ‘भागदौड’ असार २६ मा प्रदर्शन हुने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २६ जेठ**



फिल्म ‘भागदौड’ आगामी असार २६ गतेदेखि प्रदर्शनमा आउने भएको छ । निर्माण युनिटले मंगलबार फिल्मको दुई फरक पोष्टर फष्टलुक्सको रुपमा सार्वजनिक गर्दै प्रदर्शन मिति जानकारी गराएको हो ।

हिमाल उप्रेतीको लेखन तथा निर्देशन रहेको फिल्ममा अनिशा श्रेष्ठ, घनश्याम जोशी, शारदा राई (सारा), विशाल पोखरेल, शेखर चापागाई, देशभक्त खनाल, लक्ष्मी गिरी, शंकर महर्जन र सुवास तिमिल्सिना लगायतका कलाकारहरूको अभिनय छ । विश्वराम बिष्टको प्रस्तुतकर्ता रहेको फिल्ममा अंगिरा थापा कार्यकारी निर्माता रहेका छन् भने सह-निर्माताहरू भूपेन्द्र कुमार खड्का, सागर पुरी र सुरेश गिरी हुन् । सुप्रिम म्यूजिक एण्ड फिल्मस प्रा. लि.ले निर्माण गरेको यो फिल्मको सार्वजनिक पोष्टर मुख्य भुमिका रहेका कलाकार समेटिएका छन् । ‘भागदौड’ लोभ, लालच, जालझेल र ठगीमा आधारित मानव जीवनको नैतिक संकटलाई चित्रण गर्ने कथा हो । यसको पृष्ठभूमि काठमाडौंको ऐतिहासिक एवं परम्परागत नेवार बस्ती बुङ्गमती र बागमती नदी किनारको आसपासमा केन्द्रित छ । फिल्मले बुङ्गमतीको प्राचीन सभ्यता, नेवारी कला-संस्कृति, र त्यहाँ बसोबास गर्ने नेवार, बाहुन, क्षेत्री लगायतका विभिन्न समुदायबीचको सह-अस्तित्व तथा परम्परागत प्रथा र आधुनिक जीवनशैलीबीचको सन्तुलनलाई पर्दामा देखाउने फिल्मका प्रस्तुतकर्ता विश्वराम बिष्टले बताए ।

# माछापुच्छ्रे बैङ्कद्वारा एमबीएल एम-स्मार्टमार्फत नेपाल-भारत-नेपाल क्रस बोर्डर ट्रान्सफर सेवा सञ्चालन

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २६ जेठ**




माछापुच्छ्रे बैङ्क लिमिटेडले आफ्नो मोबाइल बैङ्किङ एप्लिकेसन एमबीएल एम-स्मार्टमार्फत नेपाल-भारत नेपाल रियल टाइम क्रस बोर्डर ट्रान्स्फर सेवा सञ्चालनमा ल्याएको छ ।

यस नवीन सेवाले नेपाल र भारतबीच सुरक्षित, सहज तरिकाले तत्काल व्यक्ति-देखि-व्यक्ति (पीटूपी) रकम स्थानान्तरण (ट्रान्सफर) को सुविधा प्रदान गरी दुई छिमेकी मुलुकबीचको डिजिटल वित्तीय पहुँचलाई थप सुदृढ बनाउने अपेक्षा बैङ्कले गरेको छ । यस सेवा उपयोग गरी भारतमा बसोबास गर्ने, अध्ययन गर्ने तथा काम गर्ने नेपाली नागरिकहरूले भारतमा उपलब्ध यूपीआई सँग सम्बन्धित डिजिटल भुक्तानी एप्लिकेसनहरूको प्रयोग गरी नेपालस्थित आफ्ना परिवारजन वा अन्य लाभग्राहीहरूको सहज रूपमा बैङ्क खातामा रकम पठाउन सक्नेछन् र उक्त रकम लाभग्राहीको खातामा तत्काले जम्मा हुने भएकाले छिटो, सुरक्षित र भरपर्दो रेमिट्यान्स सेवा उपलब्ध हुनेछ ।

त्यसै गरी, नेपालमा बसोबास गर्ने वा नेपालमा कार्यरत भारतीय नागरिकहरूले पनि एमबीएल एम-स्मार्ट एप्लिकेसनमा उपलब्ध क्रस बोर्डर ट्रान्सफर सुविधाको प्रयोग गरी भारतमा रकम पठाउन सक्नेछन् ।

# नेपाली ह्याण्डबल टोली ढाका प्रस्थान

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २६ जेठ**



अन्तर्राष्ट्रिय ह्याण्डबल महासंघ (आईएचएफ) को वार्षिक प्रतियोगिता साउथ एसियन जोन आईएचएफ ट्रफी २०२६ मा सहभागिता जनाउन नेपाली राष्ट्रिय ह्याण्डबल टोली मंगलबार बंगलादेशको राजधानी ढाकातर्फ प्रस्थान गरेको छ ।

जेठ २७ गतेदेखि ३१ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा नेपालले यू-१८ जुनियर र यू-२० युथ गरी दुई विधामा प्रतिस्पर्धा गर्ने नेपाल ह्याण्डबल संघका महासचिव केशव पाठकले जानकारी दिएका छन् । ढाका प्रस्थान गर्नुअघि राष्ट्रिय खेलकुद परिषद (राखेप) का सदस्य-सचिव रामचन्द्र मेहताले नेपाली टोलीलाई सफलताको शुभकामना दिँदै औपचारिक बिदाइ गरेका थिए । उनले खेलाडीहरूलाई राष्ट्रको गौरव उँचो राख्ने गरी उत्कृष्ट प्रदर्शन गर्न प्रेरित गरे ।

प्रतियोगितामा आयोजक बंगलादेशसहित नेपाल, भारत, माल्दिभ्स, अफगानिस्तान र यमनको सहभागिता रहनेछ । अन्तर्राष्ट्रिय ह्याण्डबल महासंघले आफ्नो वार्षिक क्यालेन्डरअन्तर्गत यस प्रतियोगितालाई नियमित रूपमा आयोजना गर्दै आएको छ । यू-२० नेपाली टोलीमा रोशन बिक, हबिन छन्त्याल, विश्वास गायक, सुदीप घले, केभिन गुरुङ, निरज गुरुङ, ऋतिक परियार, सुन्दर फगामी, निशान पुन, विकल पुन, मिसन पुन, रिजन श्रेष्ठ, शोनिश तामाङ र विवेक थापा रहेका छन् । टोलीको प्रशिक्षकका रूपमा नेपाली राष्ट्रिय ह्याण्डबल खेलाडी दिनेश श्रेष्ठ रहेका छन् ।

# हुलाक सेवालाई प्रभावकारी बनाउन महोत्तरीमा क्षमता विकास तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

**मो. इर्शाद**
**महोत्तरी, २६ जेठ**




जलेश्वर, जिल्ला हुलाक कार्यालय, महोत्तरीले सेवा प्रवाहलाई थप चुस्त, दुरुस्त र जनमुखी बनाउने उद्देश्यका साथ जिल्लास्थित सञ्चारकर्मी र कर्मचारीबीच ‘क्षमता विकास तथा अन्तरक्रिया कार्यक्रम’ सम्पन्न गरेको छ । सोमबार जलेश्वरस्थित जिल्ला हुलाक कार्यालयको सभाहलमा आयोजित कार्यक्रममा हुलाक सेवाको आधुनिकीकरण, सेवाग्राहीमैत्री वातावरण निर्माण र कर्मचारीको कार्यक्षमता अभिवृद्धिका विषयमा विस्तृत छलफल गरिएको हो ।

कार्यक्रममा कार्यालय प्रमुख रामचन्द्र शाहले हुलाक सेवालाई समयसापेक्ष बनाउँदै प्रविधिमैत्री सेवा प्रवाहमा कार्यालय प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले भन्नुभयो, “सेवाग्राहीको विश्वास जित्न र सेवाको गुणस्तर बढाउन कर्मचारीको दक्षता र सञ्चार क्षेत्रको रचनात्मक सहयोग अनिवार्य छ ।” कार्यक्रमका सहजकर्ता राकेश चौधरीले हुलाक सेवाको वर्तमान अवस्था, सुधारका सम्भावना र आधुनिक कार्यालय व्यवस्थापनका विभिन्न आयामबारे प्रशिक्षण दिनुभएको थियो । सहभागी सञ्चारकर्मीहरूले हुलाक सेवाको साख जोगाउन र यसलाई प्रविधिसँग जोड्न निरन्तर सुधारको खाँचो औँल्याएका थिए । रुसो कार्यक्रममा वरिष्ठ पत्रकार दशरथ भण्डारी, रौशन मिश्र, उपासना तिवारी, आरजे इरसाद, विष्णु गुप्ता, साजनकुमार यादव, सानोजकुमार यादव, विकास सिंह, वैभव कुमार र नागेन्द्र कर्णलगायत सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो । सहभागीहरूले हुलाक सेवाको आधुनिकीकरण र जनविश्वास बढाउन यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने सुझाव दिएका थिए । यस किसिमको समन्वयमूलक कार्यक्रमले हुलाक कार्यालय र सञ्चार क्षेत्रबीचको सम्बन्धलाई थप सुदृढ बनाउनुका साथै सेवाग्राहीलाई छिटोछरितो सेवा प्रदान गर्न थप मद्दत पुग्ने विश्वास व्यक्त गरिएको छ ।

# मधेश शहीद परिवारको आक्रोशित प्रदर्शन, प्रतिबद्धता कार्यान्वयनको माग

**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, २६ जेठ**



मधेश आन्दोलनका शहीद परिवार, घाइते तथा आन्दोलनसँग सम्बन्धित सरोकारवालाहरूले सोमबार जनकपुरधामस्थित मधेश भवन (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय) अगाडि बृहत् विरोध प्रदर्शन गरेका छन् ।

राज्यले विगतमा गरेका प्रतिबद्धताहरू अझै कार्यान्वयन नभएको आरोप लगाउँदै उनीहरूले तत्काल कार्यान्वयनको माग गरेका हुन् । प्रदर्शनमा मधेश शहीद प्रतिष्ठानका सदस्य अवधेश पटेल र अनीता कुमारी यादव, घाइते संघर्ष समितिका अध्यक्ष चन्देश्वर साह, तथा शहीद परिवारका प्रतिनिधि शम्भु प्रसाद साह, शकुन्तला ठाकुरलगायतको उल्लेखनीय उपस्थिति रहेको थियो । प्रदर्शनकारीहरूले शहीद परिवार तथा घाइतेहरूका लागि राज्यले घोषणा गरेका सुविधा, सम्मान, राहत, रोजगारी र पुनर्स्थापना कार्यक्रमहरू कागजमै सीमित रहेको आरोप लगाए । उनीहरूले वर्षौंदेखि पटक-पटक आश्वासन दिइए पनि व्यवहारमा कुनै ठोस कार्यान्वयन नभएको भन्दै असन्तोष व्यक्त गरे । विरोध सभालाई सम्बोधन गर्दै वक्ताहरूले मधेश आन्दोलनका शहीदहरूको बलिदानलाई राज्यले अझैसम्म उचित सम्मान दिन नसकेको गुनासो गरे । साथै घाइतेहरूको उपचार, दीर्घकालीन पुनर्स्थापना तथा जीविकोपार्जनका कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाउन सरकारसँग जोडदार माग गरे ।

प्रदर्शनका क्रममा सहभागीहरूले विभिन्न नाराबाजी गर्दै आफ्ना मागहरू तत्काल सम्बोधन गर्न प्रदेश सरकारलाई आग्रह गरेका थिए। मागहरू बेवास्ता गरिए अझ सशक्त आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनीसमेत उनीहरूले दिएका छन् । प्रदर्शनका कारण मधेश भवन परिसर केही समय तनावग्रस्त बने पनि स्थिति पछि शान्तिपूर्ण रूपमा नियन्त्रणमा आएको जनाएको छ ।

# वैदेशिक रोजगार : जनसांख्यिक लाभांश र युवा पलायनको द्वन्द्व




हरेक वर्ष लाखौं नेपाली युवा रोजगारीको खोजीमा विदेशिने क्रम बढ्दो छ, जसले देशको जनसांख्यिक लाभांश उपयोगमा चुनौती सिर्जना गरेको छ। वैदेशिक रोजगारले रेमिट्यान्समार्फत अर्थतन्त्रमा योगदान गरे पनि, यसले श्रमिक अभाव, प्रतिभा पलायन र दीर्घकालीन सामाजिक-आर्थिक असन्तुलनको जोखिम बढाएको छ। सही नीति, लगानी र शासकीय सुधारमार्फत वैदेशिक रोजगार र जनसांख्यिक लाभांशलाई परस्पर पूरक बनाउने दिशामा नेपालले तत्काल ध्यान दिन आवश्यक छ। प्रत्येक वर्ष नेपालबाट सात लाखभन्दा बढी युवा (नयाँ र पुराना गरी) रोजगारीको खोजीमा विदेश प्रस्थान गर्ने गरेको तथ्यांक वैदेशिक रोजगार विभागले दिने गरेको छ। उच्च शिक्षाका नाममा शिक्षा मन्त्रालयको नो अब्जेक्सन सर्टिफिकेट (एनओसी) लिई विदेशिने युवाहरूको संख्या हेर्ने हो भने त यो आँकडा अझ फराकिलो देखिन्छ। खाडी मुलुकदेखि मलेसियासम्म, कोरियादेखि जापानसम्म, पूर्वी युरोपदेखि अफ्रिकी मुलुकहरूसम्म नेपाली श्रमिकले विश्वका विभिन्न कुनामा आफ्नो श्रम बेचिरहेका छन्। रोजगारीका लगि विदेशिने यो प्रवृत्ति राज्यको अर्थतन्त्र, जनसंख्या नीति र विकासको दिशासँग गाँसिएको जटिल सामाजिक-आर्थिक प्रश्न हो।

वैदेशिक रोजगारलाई लिएर नेपाली बौद्धिक जगत् र नीति-निर्माण क्षेत्रमा दुईथरी मत प्रचलित छन्। एक पक्षले भन्छ- वैदेशिक रोजगारले देशको श्रम बजार रित्तिन्छ, कृषि र उद्योगमा श्रमिक अभाव हुन्छ। अर्को पक्षले जवाफ दिन्छ- देशमा पर्याप्त रोजगार नभएपछि युवा विदेशिन बाध्य हुन्छन्। यी दुवै मत आंशिक रूपले सत्य छन्, तर यो बहसको अझ गहिरो आयाम प्रायः ओझेलमा पर्ने गरेको छ। त्यो हो- जनसांख्यिक लाभांश। जनसांख्यिक संक्रमणको तेस्रो चरणः जनसांख्यिक संक्रमणको सिद्धान्तअनुसार समाज चार चरणमध्ये तेस्रो चरणमा पुग्दा जन्मदर घट्न थाल्छ, मृत्युदर घटिसकेको हुन्छ र काम गर्ने उमेर समूह (१५-६४ वर्ष) को जनसंख्याको अनुपात सर्वाधिक उच्च हुन्छ। नेपाल अहिले ठीक यही युवा उभारको अवस्थामा छ। राष्ट्रिय जनगणना २०७८ का अनुसार नेपालको कुल जनसंख्याको झन्डै ५६ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका छन्। यो नै कुनै पनि मुलुकले आफ्नो लामो इतिहासमा प्राप्त गर्न सक्ने 'जनसांख्यिक लाभांश' को सुनौलो अवसर हो। यसपछि जाने भनेको बुढ्यौली समाजमै हो।

पूर्वी एसियाली मुलुकहरूको 'आर्थिक चमत्कार' भित्रका विभिन्न कारणहरूमध्ये 'जनसांख्यिक लाभांश' पनि एक हो। दक्षिण कोरिया, ताइवान र सिंगापुरले १९६०-१९९० को दशकमा आफ्ना युवा जनसंख्यालाई उद्योग र प्रविधिमा परिचालन गरेर गार्हस्थ्य उत्पादनमा उल्लेखनीय वृद्धि हासिल गरे। विश्व बैंकका अर्थशास्त्री डेभिड ब्लुम र जेफ्री विलियम्सनको अनुसन्धानले देखाएको छ कि पूर्वी एसियाको आर्थिक विकासको एकतिहाइभन्दा बढी योगदान यही जनसांख्यिक लाभांशबाट भएको थियो। नेपालसामु पनि यस्तै अवसर छ। तर प्रश्न उठ्छ- के हामीले यो दुर्लभ क्षणको सही उपयोग गर्न सकेका छौं ? श्रम आप्रवासनका सैद्धान्तिक आधार- अर्थशास्त्री एभरेट लीको 'पुस-पुल' सिद्धान्तले श्रम आप्रवासनलाई दुई प्रकारका शक्तिले डोऱ्याउँछन् भनी व्याख्या गर्दछ। 'धकेल्ने' (पुस) शक्तिहरूमा स्वदेशमा बेरोजगारी, न्यून ज्याला, राजनीतिक अस्थिरता र सेवा सुविधाको अभाव पर्छन्। 'तान्ने' (पुल) शक्तिहरूमा गन्तव्य मुलुकमा उपलब्ध उच्च ज्याला, राम्रो कार्यवातावरण र अन्य व्यक्तिगत अनुभूतिजन्य सम्भावनाहरू पर्छन्। ज्याला अन्तर यस प्रक्रियाको मूल कारक हो। नेपालमा न्यूनतम ज्याला प्रतिमहिना रु. १७,३०० (लगभग १३० अमेरिकी डलर) छ। उता मलेसियामा एक अदक्ष नेपाली मजदुरले मासिक रु. ६५००० (लगभग १७०० रिंगिट) कमाउँछ। जापानको 'स्पेसिफाइड स्किल्ड वर्कर' कार्यक्रमअन्तर्गत प्रतिमहिना १,५०० देखि २,००० अमेरिकी डलरसम्म कमाउन सम्भव छ। यो असमान ज्यालाको अवस्थामा अर्थर लुइसको 'ड्युल इकोनोमी मोडल' सान्दर्भिक हुन्छ। जब परम्परागत क्षेत्र (कृषि) मा ज्याला निर्वाह स्तरमा सीमित हुन्छ, श्रमिकहरू स्वाभाविक रूपमा आधुनिक वा बाह्य क्षेत्रतर्फ आकर्षित हुन्छन्। युवा उभार र सामाजिक अस्थिरताको जोखिमः जनसांख्यिक लाभांश तब मात्र 'लाभ' हुन पुग्छ, जब त्यो युवा शक्तिलाई उत्पादनशील कार्यमा संलग्न गराउन सकिन्छ। अन्यथा, त्यही 'लाभांश' सुषुप्त विस्फोटक पदार्थ पनि बन्न सक्छ। जर्मन समाजशास्त्री गुनर हाइनजोनको अध्ययन तथा नर्वेजियन राजनीतिशास्त्री हेनरिक उर्डालको अनुसन्धानले देखाएको छ कि कुल जनसंख्याको तुलनामा युवा (१५-२४) को अनुपात ३०-३५ प्रतिशतभन्दा बढी हुँदा 'युथ बल्ज' बन्छ र यस्तो अवस्थाले अल्पविकसित मुलुकहरूमा सशस्त्र द्वन्द्वको सम्भावना १५० प्रतिशतसम्म वृद्धि गर्छ।

नेपालकै सन्दर्भमा हेर्दा, दसवर्षे सशस्त्र द्वन्द्व तथा बारम्बारका विद्रोहहरूको एउटा प्रमुख सामाजिक-आर्थिक कारण बेरोजगार र निराश युवाहरूको ठूलो उपस्थिति थियो भनी मान्न सकिएला। अफ्रिकामा पनि यही स्थिति देखिन्छ। माली, नाइजर, सेनेगल, सुडान जस्ता मुलुकहरू सहितको साहेल क्षेत्रमा युवा बेरोजगारी र विद्रोही भर्तीबीचको सम्बन्धलाई अन्तर्राष्ट्रिय सुरक्षा विश्लेषकहरूले बारम्बार औंल्याउँदै आएका छन्। मध्यपूर्वमा सन् २०११ को 'अरब स्प्रिङ' पनि आंशिक रूपमा युवा बेरोजगारी र अवसरको निराशाबाट उत्प्रेरित थियो। यस दृष्टिकोणबाट हेर्दा, वैदेशिक रोजगारले केही हदसम्म नेपालमा सम्भावित सामाजिक विस्फोटलाई मत्थर पार्ने प्रेसर भल्भका रूपमा काम गरेको देखिन्छ। तर यो स्थायी समाधान नभएर अस्थायी राहत मात्र हो। रेमिट्यान्सः वरदान कि अभिशाप ? आर्थिक वर्ष २०८१/८२ मा नेपालले करिब रु. १७ खर्बभन्दा बढी रेमिट्यान्स प्राप्त गऱ्यो। यो कुल गार्हस्थ्य उत्पादनको सन्दर्भमा एकचौथाइभन्दा बढी रकम हो। यो अनुपात विश्वमै उच्चमध्येको एक मानिन्छ। रेमिट्यान्सले लाखौं परिवारको जीवनस्तर सुधाऱ्यो, गरिबी घटायो र उपभोक्ता बजारको विस्तार गऱ्यो। तर यहीँबाट एउटा विप्रेषणको जाल (रेमिट्यान्स ट्र्याप) पनि सुरु भयो। अर्थशास्त्री डानी रोड्रिकले 'डच डिजिज' को अवधारणाबाट यस्तो अवस्थाको व्याख्या गर्छन्। विदेशी मुद्राको प्रवाहले स्थानीय मुद्राको मूल्य बढाउँछ, जसले निर्यातलाई महँगो बनाउँछ र घरेलु उत्पादनलाई कमजोर पार्छ। नेपालमा विप्रेषण मुख्यतः उपभोगमा खर्च भयो। उत्पादनशील लगानीमा भन्दा बिहेवारी, घरजग्गा, आयातित सामान र सेवामा खपत भयो। फलतः कृषि उत्पादन घट्यो, कृषि श्रमिक अभाव भयो र देश खाद्यान्नमा समेत परनिर्भर बन्दै गयो। अर्कोतर्फ जलवायु परिवर्तन र अन्य कारणहरूबाट सिर्जित आन्तरिक बसाइँसराइले पनि ग्रामीण क्षेत्रहरू सुनसान हुँदै गए र बाँझा जमिनहरूको क्षेत्रफल द्रुतगतिमा फैलिँदै गयो। प्रतिभा पलायन र दक्षता क्षयः वैदेशिक रोजगारको सबैभन्दा गम्भीर परिणाम प्रतिभा पलायन हो। साधारण श्रमिक मात्र होइन, उच्च एवं मध्यम सीप भएका चिकित्सक, इन्जिनियर, वैज्ञानिक, सूचना-प्रविधि विज्ञ तथा नर्सहरू पनि विदेश पलायन भइरहेका छन्। सरकारी तथ्यांकअनुसार प्रतिवर्ष सयौंको संख्यामा चिकित्सक, नर्सलगायतका स्वास्थ्यकर्मीहरू अमेरिका, अस्ट्रेलिया, बेलायत, माल्दिभ्स जस्ता मुलुकहरूतर्फ प्रस्थान गर्छन्। भारत र चीन भने यसको विपरीत उदाहरण हुन्। यी दुवै देशमा ठूलो संख्यामा दक्ष जनशक्ति विदेश गए। तर तिनीहरूले 'ब्रेन सर्कुलेसन' को अवधारणा अपनाए। विदेशमा अनुभव र पुँजी कमाएर स्वदेश फर्किने र स्टार्टअप तथा प्रविधि उद्योग विस्तार गर्ने।

भारतको 'डायस्पोरा इन्टरप्रेनरसिप' र चीनको 'थाउजेन्ड ट्यालेन्ट प्रोग्राम' यसका उदाहरण हुन्। नेपालमा यस्तो 'घर फिर्ती संस्कृति' अझै विकास गर्न सकिएको छैन। समाधानको बाटोः वैदेशिक रोजगार र जनसांख्यिक लाभांशबीचको यो द्वन्द्वलाई समाधान गर्न बहुआयामिक नीतिगत हस्तक्षेप आवश्यक छ- क) रोजगारमूलक लगानी वातावरण निर्माणः निजी क्षेत्रलाई प्रोत्साहन, श्रम एवं वैदेशिक लगानी कानुनको सरलीकरण र विशेष आर्थिक क्षेत्रको प्रभावकारी सञ्चालन मार्फत स्वदेशमै गुणस्तरीय रोजगार सिर्जना गर्नुपर्छ। ख) दक्ष श्रम निर्यात नीतिः विश्व बजारमा श्रमिक प्रवाहलाई माग र आपूर्तिको सिद्धान्तले नै दिशानिर्देश गर्ने हो। तथापि अदक्ष श्रमको तुलनामा दक्ष र अर्धदक्ष श्रमिक पठाउन जापान, कोरिया र जर्मनी जस्ता मुलुकहरूसँग गरिएका द्विपक्षीय श्रम सम्झौता विस्तार गरी उच्च ज्याला सुनिश्चित गर्नुपर्छ। साथै श्रमिक भर्तीको अन्तर्राष्ट्रिय 'सप्लाई चेन' मा पहुँच पुऱ्याउन पनि आवश्यक छ। यहाँनिर चुस्त श्रम कूटनीतिको अपरिहार्यता झल्कन्छ। ग) रेमिट्यान्सलाई उत्पादनशील लगानीमा रूपान्तरणः 'डायस्पोरा बन्ड' जारी गर्ने, विप्रेषणबाट उद्यम स्थापनामा कर छुट दिने र 'म्याचिङ ग्रान्ट' कार्यक्रम सञ्चालन गरी विप्रेषण रकमलाई लगानीमा रूपान्तरण गर्नुपर्छ। घ) फर्किने जनशक्तिको पुनः एकीकरणः विदेशबाट फर्किने कामदारले सिकेको सीप, अनुभव र पुँजीलाई स्वदेशी उद्योगमा उपयोग गर्न 'रिटर्नी इन्टरप्रेनर फन्ड' र 'स्किल रिकगनाइजेसन' कार्यक्रम ल्याउनुपर्छ। वैदेशिक रोजगारमा जाने श्रमिकका परिवारहरूको आर्थिक-सामाजिक सशक्तीकरणमा पर्याप्त लगानीबिना यो कार्य अपूरो नै हुने देखिन्छ।

**सांभारः कान्तिपुर।**




"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday